मिति २०८२/११/२९ गते तदअनुसार ने.सं. ११४६ चिल्लागा दशमी शुक्रबार विहान ११:०० बजे पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेश खरेलज्यूको अध्यक्षतामा तपशील बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसेको कार्यपालिकाको १५९ औं बैठकले देहायका विषयमा छलफल गरि निर्णय पारित गरियो।

उपस्थिती

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री महेश खरेल | नगर प्रमुख | |
| २. | श्री सुर्यमाया दनुवार | नगर उप-प्रमुख | |
| ३. | श्री पुरुषोत्तम सापकोटा | सचिव | |
| ४. | श्री सञ्जय तामाङ | नगर प्रवक्ता तथा सदस्य | |
| ५. | श्री जय बहादुर तामाङ | सदस्य | |
| ६. | श्री रामेश्वर दाहाल | सदस्य | |
| ७. | श्री सुन्दर अधिकारी | सदस्य | |
| ८. | श्री सुन्दर तामाङ | सदस्य | |
| ९. | श्री सिताराम ढुंगाना | सदस्य | |
| १०. | श्री रामशरण दुलाल | सदस्य | |
| ११. | श्री रामकृष्ण दंगाल | सदस्य | |
| १२. | श्री रामकाजी श्रेष्ठ | सदस्य | |
| १३. | श्री नारायण प्रसाद सापकोटा | सदस्य | |
| १४. | श्री हिराकाजी तामाङ | सदस्य | |
| १५. | श्री ज्ञान बहादुर दनुवार | सदस्य | |
| १६. | श्री सुकुविर तामाङ | सदस्य | |
| १७. | श्री यसोदा वसेल | सदस्य | |
| १८. | श्री सृजना परियार | सदस्य | |
| १९. | श्री सरस्वती फैजु | सदस्य | |
| २०. | श्री सुमित्रा खरेल | सदस्य | |
| २१. | श्री कल्पना ढुंगाना | सदस्य | |
| २२. | श्री माइली दनुवार | सदस्य | |
| २३. | श्री सुरेश भुजेल शिवभक्ती | सदस्य | |
| २४. | श्री वालकृष्ण रोक्का | सदस्य | |
| २५. | श्री कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत | |

# बैठक संख्याः-१५९

## मितिः-२०८२/११/२९

## नगर कार्यपालिकाको बैठकमा निर्णयका लागि पेश भएका प्रस्तावहरु

१.गत वैठकको समिक्षा सम्बन्धमा।

२.आ.व. २०८२/८३ मा संघिय सरकारबाट प्राप्त समपुरक अनुदान तर्फको  रकम फिर्ता सम्बन्धमा।

३.दलित भूमिहिन/भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासका लागि प्राप्त निवेदन स्वीकृत गरी कारवाहीका लागि भूमि समस्या समाधान आयोग जिल्ला समिति काभ्रेमा पठाउने सम्बन्धमा।

४.पाँचखाल नगरपालिका वडा नं ४ स्थीत लामीडाँडा सामुदायिक भवन मर्मत सुधार सम्बन्धमा।

५.आर्थिक सहयोग/सहायता सम्बन्धमा।

६.सुनकोशी खानेपानीको गाडी मर्मत सम्बन्धमा।

७.उत्पादनमुलक विरुवा रोपणको लागि खाडल खन्ने मेसिन उपलब्ध गराउने सम्बन्धमा।

८.उत्पादनमुलक विरुवाको व्यवस्थापन तथा गोडमेलको लागि सहयोग उपलब्ध गराउने सम्बन्धमा।

९.सुनकोशी खानेपानी आयोजनाको लागि रकम उपलब्ध गराउने सम्बन्धमा।

१०.पाँचखाल नगरपालिका वडा नं ११ र १३ र तेमाल गाँउपालिका वडा नं १ स्थति झिकुखोलामा रहेको नदीजन्य पदार्थको उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धमा।

११.सुरक्षित आवास परियोजना अन्तर्गत आवास निर्माण सम्बन्धमा।

## बैठक संख्या १५९
## मिति २०८२/११/२९
## नगरकार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १**

गत कार्यपालिकाको बैठकबाट कार्यान्वयन गर्नुपर्ने निर्णयहरु कार्यान्वयन भइरहेको विवरण सम्बन्धित शाखाहरुबाट प्राप्त भएको हुँदा कार्यान्वयनमा खटिने सबै तह, निकाय, शाखालाई धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. २**

आ.व. २०८१/८२ मा संघिय सरकारबाट वडा नं ११ को कार्यालय देखि शिखरकटेरी सडक योजनाका लागि प्राप्त बजेट/अनुदानबाट वडा नं ११ को कार्यालय देखि शिखरकटेरी सडक योजना सम्पन्न गरी भुक्तानी गर्दा तोकिएको प्रतिशत बमोजिम संघिय सरकार र स्थानीय सरकारको बराबरी रकम खर्च गर्नु पर्नेमा संघीय सरकारबाट प्राप्त बजेट रु.६,२७,५००/- बढी खर्च भुक्तानी हुन गएकोले रु.६,२७,५००/- रकम विविध खर्च शीर्षकबाट संघीय सरकार समपुरक अनुदान फिर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

यस पाँचखाल नगरपालिका अन्तर्गत वडाहरुमा बसोबास गरिरहेका देहाय बमोजिमका लाभग्राहीहरुको संलग्न प्रमाणहरुको आधारमा लाभग्राही कायम गर्ने सम्बन्धमा यस पालिकाबाट दावि विरोधको सूचना प्रकाशन गरिएकोमा कोही कसैको दावि विरोध, उजुरी कोही पनि पर्न नआएकोले संलग्न विवरण अनुसारका अव्यवस्थित बसोबासी र भूमीहिन दलित तथा सुकुम्बासीहरुको लगत कायम राखी थप आवश्यक प्रकृया अघि बढाइदिन भूमी समस्या समाधान आयोग जिल्ला समिति काभ्रेपलाञ्चोकमा सिफारिस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. ४**

नगरस्तरीय आकस्मीक खर्च शीर्षकबाट रु.१००००००/- भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं ४ लामीडाँडा स्थित लामीडाँडा सामुदायिक भवन मर्मत सुधार गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

अन्य व्यक्ती तथा संस्था सहायता शिर्षकबाट देहायका व्यक्तीहरुलाई देहाय बमोजिमको औषधी उपचार सहयोग/विपन्न सहायता गर्ने निर्णय गरियो।।

| क्र.सं. | नाम थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | अनिता कार्की | पाँचखाल ७ | १००००/- | खुट्टा भाच्चिएको |
| २. | मृतक सम्झना तामाङ | पाँचखाल ७ | १००००/- | काजक्रिया |
| ३. | रमा मिजार | पाँचखाल ७ | १००००/- | टाउकोमा रगत जमेको |
| ४. | सन्तोष बजगाई | पाँचखाल ८ | १००००/- | टाउकोमा समस्या |

| | | | | |
|---|---|---|---|---|
| ५. | सान्ता थापा मगर | पाँचखाल १३ | १००००/- | स्ट्रोक |
| ६. | प्रतिमा तामाङ | पाँचखाल ५ | १००००/- | मुटुमा प्वाल परेको |

निर्णय नं. ६

यस नगरपालिका कार्यालयले प्रयोग गर्दै आएको पिक अप गाडी इष्टीमेट बमोजिम मर्मत गर्ने र मर्मत गर्दा लागेको बिल बमोजिमको रकम सवारीसाधन मर्मत खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ७

पाँचखाल न.पा. का सामुदायिक वन तथा सार्वजनिक क्षेत्रमा उत्पादनमुलक विरुवा रोपणको लागि कृषि शाखा मार्फत खरिद भएका खाडल खन्ने मेशिन आवश्यकता र माग अनुरुप सम्बन्धित वन उपभोक्ता समिति तथा वडा कार्यालयहरुमा निशुल्क उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ८

"सामुदायिक वनमा रोपिएका आम्दानीमूलक विरुवाहरु गोडमेल तथा व्यवस्थापन" खर्च शिर्षक नं २२५२२ मा विनियोजित रु ८,००,०००।- अक्षरुपि रु आठ लाख रुपौंया मात्र बाट पाँचखाल न.पा. मा विगतका आ.व मा रोपण भएका उत्पादनमुलक फलफूल, जडिवुटि तथा अन्य विरुवाको व्यवस्थापन तथा गोडमेलका लागि तपसिल बमोजिमका सामुदायिक वन उपभोक्ता समितिहरुबाट माग भए बमोजिमका व्यवस्थापन सामाग्रीहरु निःशुल्क उपलब्ध गराउने साथै सिचाई संरचना र गोडमेलको हकमा सम्बन्धित प्राविधिकबाट तयार भएको लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र.स | वन उपभोक्ता समिति | ठेगाना | माग भएका क्रियाकलापहरु |
|---|---|---|---|
| १ | बेलापाखा सामुदायिक बन उपभोक्ता स. | पाँचखाल-१० | गोडमेल तथा इन्धन |
| २ | काजीको तथा धैरेनी सामुदायिक बन उपभोक्ता समूह | पाँचखाल-६ | पानि तान्ने पम्प, पोखरी प्लाष्टिक, पाइप तथा कृषि औजारहरु(करौती, सिकेचर, हजारी आदि) |
| ३ | लामीडाँडा सामुदायिक बन उपभोक्ता समुह | पाँचखाल-१३ | पानि तान्ने पम्प, सिचाई पोखरी, पाइप तथा कृषि औजारहरु(करौती, सिकेचर, हजारी आदि) |

निर्णय नं. ९

सुनकोशी पाँचखाल खानेपानी आयोजनाका लागि प्राविधिक इष्टिमेट बमोजिमको सुख्खाग्रस्त क्षेत्रमा खानेपानी शीर्षकबाट निर्माण कार्य गर्न नपुग हुन आउने रकम रु.२५०००००/- अन्य समपुरक म्याचिङ्ग फण्ड शीर्षकबाट भुक्तानी हुने गरी रकम विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १०

यस नगरपालिका र तेमाल गाँउपालिकाबीच पाँचखाल नगरपालिका वडा नं ११ र १३ र तेमाल गाँउपालिका वडा नं १ बीचमा रहेको झिकु खोलाको नदीजन्य पदार्थको उत्खनन विक्रि तथा व्यवस्थापन र त्यसबाट प्राप्त राजश्व बाँडफाँड सम्बन्धमा मिति २०८२/२/२१ गते दुवै पालिका प्रमुख सहितको प्रतिनिधीको संयुक्त बैठक बसी सोही बैठकको निर्णयको आधारमा सोहि मितिमा सम्झौता समेत भएकोमा उक्त सम्झौताको बुँदा नं ४ मा उल्लेखित कार्यको ठेक्का बन्दोवस्तको प्रमुख जिम्मेवारी तेमाल गाँउपालिकामा रहने र वातावरणीय परीक्षण लगायतका ठेक्का बन्दोवस्तको आवश्यक सहजिकरण र गृहकार्यको लागि दुवै पालिकाको तर्फबाट प्राविधिक कर्मचारीहरुको टोलि खटाइने र संयुक्त अनुगमनको व्यवस्था मिलाउने उल्लेख भएकोमा सम्झौता बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण(IEE) गर्ने लगायत ठेक्का बन्दोवस्तको गृहकार्य सम्बन्धि कार्यमा यस नगरपालिकाको तर्फबाट कुनै पनि सहभागिता नभएको एवं ठेक्का प्रकृयाको कुनै पूर्व जानकारी समेत नभई तेमाल गाँउपालिकाको कार्यालयबाट ठेक्का बन्दोवस्त गरी सम्बन्धित फर्मलाई कार्यादेश दिइएको बोधार्थ प्राप्त भएकोले सो सम्बन्धमा स्थानीय प्रभावित बासिन्दासँगको सहमती एवं ठेक्का प्रकृयाको कानूनी र प्राविधिक पक्षको यथार्थ जानकारी प्राप्त भइ एकिन नभए सम्मका लागि पाँचखाल नगरपालिका तर्फको क्षेत्रमा कुनै पनि उत्खनन तथा संकलनको कार्य नगर्न/नगराउन हुन र सो ठेक्का सम्बन्धी कागजतहरु यस नगरपालिकालाई उपलब्ध गराउन तेमाल गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालयलाई लेखि पठाउने निर्णय गरियो साथै उक्त कार्यमा आवश्यक अनुगमन र समन्वयको लागि जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक समक्ष अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ११

पाँचखाल नगरपालिका, शान्ती जनआदर्श सेवा केन्द्र र Habitat Nepal को सहकार्यमा सुरक्षित आवास परि योजना अन्तर्गत देहायका विपन्न व्यक्तिहरुको आवास निर्माणका लागि शान्ती जनआदर्श सेवा केन्द्र/ Habitat Nepal लाई सिफारिस गर्ने निर्णय गरियो।

देहाय

| | |
|---|---|
| १.कालुमान तामाङ | पा.न.पा. ८ |
| २.किरण प्रसाद बजगाई | पा.न.पा. ८ |
| ३.कान्छा तामाङ | पा.न.पा. ८ |
| ४.धन कुमार तामाङ | पा.न.पा. ८ |
| ५.मदन के.सी. | पा.न.पा. ८ |
| ६.हर्क बहादुर तामाङ | पा.न.पा. ८ |
| ७.जित बहादुर दनुवार | पा.न.पा. ८ |
| ८.अनिल तामाङ | पा.न.पा. ८ |
| ९.गोपी थापा | पा.न.पा. ८ |

*(बैठकमा प्रस्तुत एजेण्डाहरुमाथी कुनैपनि फरक मत नरहेको हुँदा सर्वसम्मत निर्णय गरिएको छ।)*